# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, असोज १० गते २०३३ साल [ अतिरिक्ताङ्क २१


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. २२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

६२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल नागरिकता ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: नेपाल नागरिकता ऐन, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "नेपाल नागरिकता (दोस्रो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) दफा ४, २०३२ साल मार्ग २६ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. नेपाल नागरिकता ऐन, २०२० को दफा २ मा संशोधन: नेपाल नागरिकता ऐन, २०२० (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ग) झिकिएको छ ।

३. मूल ऐनको दफा ३ मा संशोधन: मूल ऐनको दफा ३ को उप-दफा (१) को प्रतिवन्धात्मक वाक्यांश, उप-दफा (२) र उप-दफा (३) झिकिएका छन् ।

४. मूल ऐनको दफा ६ मा संशोधन: मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ:–

"६. अंगीकृत नेपाली नागरिकताको प्राप्ति: (१) नाबालक वा बौलाएको व्यक्तिबाहेक अरू कुनै विदेशीले देहायको शर्त तथा अवस्था पूरा गरिसकेको भए निजले नेपालको नागरिकता पाउनको लागि तोकिएको ढाँचामा श्री ५ को सरकारसमक्ष आवेदनपत्र दिन सक्नेछ:–

(क) नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको,

(ख) आफ्नो जीवनको निर्वाह गर्ने साधन तथा योग्यता भई नेपालमा कुनै व्यवसाय गरी बसेको,

(ग) आफू पहिले कुनै विदेशी मुलुकको नागरिक रहेको भए त्यस मुलुकको नागरिकता सोही मुलुकको कानूनबमोजिम त्यागी सकेको वा त्याग्न कारवाही चलाएको रीतपूर्वकको सूचना श्री ५ को सरकारलाई दिएको,

(घ) नेपाली उत्पत्तिको व्यक्तिको हकमा कम्तीमा दुई वर्ष, नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएको विदेशी स्वास्नीमानिसको हकमा कम्तीमा पाँच वर्ष र सो बाहेक अरूको हकमा कम्तीमा पन्ध्र वर्षको अवधिसम्म नेपालमा बसोबास गरेको,

(ङ) नेपाली उत्पत्तिका व्यक्ति वा नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएकी विदेशी स्वास्नीमानिसबाहेक अरूको हकमा नेपालका नागरिकहरूलाई नेपालको अंगीकृत नागरिकता नदिने कानूनी व्यवस्था वा चलन रीति भएको कुनै विदेशी मुलुकको नागरिक नभएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) असल चाल-चलन भएको ।

(२) उप-दफा (१) मा तोकिएका शर्त तथा अवस्था पूरा गरिसकेका विदेशीहरूमध्ये नेपाली उत्पत्तिको व्यक्ति र नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएकी विदेशी स्वास्नीमानिस बाहेक अरूका हकमा विज्ञान, दर्शनशास्त्र, कला, साहित्य, विश्वशान्ति, मनुष्य मात्रको उन्नति वा नेपालको उद्योगधन्दा वा आर्थिक उन्नतिमा विशेष योगदान गर्न सक्ने भनी श्री ५ को सरकारले ठहराएका व्यक्तिहरूलाई मात्र नेपालको अंगीकृत नागरिकता प्रदान गर्न सक्नेछ । यसरी नेपालको अंगीकृत नागरिकता प्रदान गर्दा नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएकी विदेशी स्वास्नीमानिस बाहेक नेपाली उत्पत्तिको व्यक्तिलाई पाँच सय रूपैयाँ र अरू विदेशीलाई पन्ध्र सय रूपैयाँ दस्तूर लाग्नेछ ।

तर, यो उप-दफा २०३७ साल वैशाख १ गतेदेखि मात्र लागू हुनेछ ।

(३) उप-दफा (१) अन्तर्गत परेको कुनै आवेदन पत्रलाई श्री ५ को सरकारले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(४) उप-दफा (१) को खण्ड (ग) बमोजिम विदेशी मुलुकको नागरिकता त्यागिसकेको वा त्याग गर्ने चलाएको कारवाहीको रीतपूर्वकको प्रमाण दाखिल नगराई यस दफाबमोजिम नागरिकता प्रदान गरिने छैन ।

(५) यस दफाबमोजिम नागरिकता पाउने भएको व्यक्तिलाई अनुसूचीमा तोकिए-बमोजिमको शपथ-ग्रहण गराई नागरिकताको प्रमाणपत्र प्रदान गरेको मितिदेखि त्यस्तो व्यक्ति नेपालको अंगीकृत नागरिक हुनेछ ।"

५. मूल ऐनमा दफा ८क. थप: मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छ:–

"८क. पुन: नेपाली नागरिकता कायम हुने: कुनै नेपाली नागरिक स्वास्नीमानिसले विदेशी नागरिकसंग विवाह गरेको कारणबाट आफ्नो लोग्नेको मुलुकको नागरिकता प्राप्त गरिसकेपछि सो लोग्नेसंग सम्बन्ध विच्छेद भई वा लोग्नेको मृत्यु भई सो मुलुकको नागरिकता परित्याग गरी नेपालमा आई बसोबास गरेमा र त्यसरी बसोबास गरेको सूचना तोकिएको अधिकारीलाई दिएमा तोकिएको अधिकारीले त्यस्तो सूचना दर्ता गर्नेछ र त्यसरी सूचना दर्ता गरिएको मितिदेखि निजको नेपाली नागरिकता पुन: कायम हुनेछ ।"

६. मूल ऐनको दफा ९ मा संशोधन: मूल ऐनको दफा ९ को उप-दफा (२) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छ:–

"तर यो ऐन प्रारम्भ हुनुभन्दा अघिका त्यस्ता नागरिकहरूका हकमा २०३७ साल चैत्र मसान्तसम्ममा सो बमोजिम नागरिकता रोजिसक्नु पर्नेछ । अन्यथा निजको नागरिकता स्वत: लोप हुनेछ ।"

626

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को उप-दफा (३) पछि देहायको उप-दफा (३ क) थपिएको छः–

"(३क) झूटो विवरण वा बयान दिई जन्म वा वंशजको नाताले नेपाली नागरिक हो भनी झुक्याई कसैले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको कुरा थाहा हुन आएमा श्री ५ को सरकारले त्यस्तो प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकताबाट हटाउन आदेश दिन सक्नेछ ।"

८. मूल ऐनको दफा १५ मा संशोधनः मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः–

"१५. दण्ड सजायः– झूटो विवरण वा बयान दिई नेपालको अंगीकृत नागरिकता वा जन्म वा वंशजको नाताले नागरिकता प्राप्त गर्ने गराउने व्यक्ति, वा सो गर्ने गराउने उद्देश्यले जानी-जानी झूटो विवरण वा बयान दिई सिफारिश गर्ने व्यक्ति वा सो गर्ने गराउने उद्देश्यले झूटो विवरण वा बयान दिई आवेदनपत्र दिने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरीवाना वा दुबै सजाय हुनेछ ।"

९. खारेजीः– मूल ऐनको दफा ४ र ५ खारेज गरिएका छन् ।

लालमोहर संदर मितिः– २०३३।६।१०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।